# ढोरपाटन नगरपालिका

# स्थानीय राजपत्र

## ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

**वर्षः ६) ढोरपाटन, फागुन १ गते, २०७९ साल**

**नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम ढोरपाटन नगरपालिकाको कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## संवत् २०७९ सालको कार्यविधि नं. ८

# स्थानीय सडक मापदण्ड २०७९

ढोरपाटन नगरपालिका क्षेत्रभित्र रहेका सडक र नयाँ बन्ने सडकलाई सहज आवागमन योग्य गराउने, सडक एवम् जलाधारक क्षेत्र वरिपरी हुने निजी तथा सार्वजनिक पूर्वाधार निर्माणलाई व्यवस्थित बनाउन नगर मापदण्ड अनुरूप बनाउने, सडकहरूको निर्माण,मर्मत सम्भार, विस्तार र स्तरोन्नति गर्ने विधि बनाउन वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४५ को उपदफा (२) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दाँया बाँयाको अधिकार क्षेत्र (राइट अफ वे) को मापदण्ड पालना गराउनु पर्ने व्यवस्था भए बमोजिम नगर कार्यापालिकाले यो मापदण्ड निर्माण गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "स्थानीय सडक मापदण्ड २०७९ " रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "नगरपालिका" भन्नाले ढोरपाटन नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समिति सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(च) "वडाध्यक्ष" भन्नाले नगरपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाको प्रमुख, उपप्रमुख तथा वडाअध्यक्ष समेतलाई जनाउँछ।

(झ) राष्ट्रिय राजमार्ग भन्नाले नगरपालिकाको क्षेत्रभित्र जोडिएको नेपाल सरकारले निर्माण गरेको सडको सम्झनु पर्दछ।

(ञ) "खोला र खोल्सी" भन्नाले सार्वजनिक रूपामा नियमित तथा बर्षायाममा पानी बग्ने स्थानलाई सम्झनु पर्छ।

(ट) "गोरेटो बाटो" भन्नाले परम्परागत रूपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रूपमा हिड्ने गरिएको तर नक्सामा नभएको गोरेटो बाटोलाई समेत सम्झनु पर्छ ।

(ठ) "फासला (सेडब्याक)" भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ ।

(ड) "वडा स्तरीय सडक" भन्नाले वडा क्षेत्रभित्र रहेका एक किलोमिटरदेखि सात किलोमिटर लम्बाई सम्मका सडकलाई सम्झनु पर्छ ।

(ढ) सहायक सडक" भन्नाले मूल सडकबाट बस्तिसम्म जाने ५०० मि सम्मको सडकलाई सम्झनु पर्छ ।

**१. मध्य-पहाडी लोकमार्ग**

(नोट: नेपाल सडक मापदण्ड -२०७०, अनुसार उल्लिखित सडकको मापदण्ड National highway मा व्यवस्था भएअनुसार Right of Way (ROW)=50m, Set Back =6 m हुने )

**१. ढोरपाटन सालझण्डी सडक**

(नोट: नेपाल सडक मापदण्ड -२०७०, अनुसार उल्लिखित सडकको मापदण्ड Urban road मा व्यवस्था भएअनुसार Right of Way (ROW)=30m, Set Back =6 m हुने ) वा सडक विभागको नियमानुसार कायम हुने व्यवस्था रहेको छ ।

1. Class"A"Roads

नगरपालिका र जिल्ला भित्र रहेका गाउपालिकाको मुकाम जोड्ने सडक |

ROW=10m, Set Back =2.00 m

१) खुंगा देखि तमान तर्फ जोड्ने सडक

२) हुन्द्रफेदी हुदै बोंगादोबान जोड्ने सडक

३) खप्तरिबाङ देखि निसिभुजी जनता क्याम्पस,भबरेटा हुदै छरछरे पानी ट्यांकी सम्मको सडक

४) भबरेटा स्कूल देखि बर्माथान हुदै बिसमारे जोड्ने सडक

५) सिबलाल पाण्डेको घर देखि खारखेत सम्मको सडक

2. Class"B" Roads

नगरपालिकाको वडा कार्यालय र नगरपालिका भित्रका ठुला बस्ति जोड्ने सडकहरू

ROW=8 m, Set Back =2.0 m

सडकहरू :

१) खप्परिबाङ देखि देबचोक हुदै लक्ष्मी कुण्ड पुल सम्मको सडक

२) टंक पौडेलको घर हुदै नगरपालिका बसेको घर सम्मको सडक

३) बसपार्क बाट दुर्गा देवी को घर तर्फ जाने सडक

४ ) साथै हरेक वडा कार्यालयबाट नगरपालिका जोड्ने सडक

3. Class"C" Road

ROW=6 m, Set Back =2.0 m

नगरपालिका भित्रका हालको बजारभित्र अवस्थित सडकहरू र बस्ति बिकास भइ शहरीकरण हुने सक्ने क्षेत्रका सडकहरूमा बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड-२०७२ अनुसार लागू गरिने |

## परिच्छेद -२

## सहरी क्षेत्रका सडकका मापदण्डको बिस्तृत विवरण

बुर्तिबाङ बजार

Right of Way =6.0m र Set Back =2.0m कायम गरिएको सडकहरू

१) सोरबोट भाबरेटा जाने चोक बाट बरपीपल सम्मको सडक

२) देब चोक देखि हस्पिटल हुदै बसपार्क सम्मको सडक

३) जनता बोर्डिङ गेट बाट टारिखेत जाने पूल हुदै दुर्गादेवी घर्तिको घर सम्मको सडक

४) घनश्यामको घर पछाडी, पूरानो न्यु मोर्डन कुना हुदै कभर्डहल निस्कने सडक

५) नापी कार्यालय, गाविस भवन तर्फ जाने सडक

६) टिका पुनको घर देखि के.सि.स्टेसनरी सम्म आउने सडक

७) कृष्ण भान्जाको घर पछाडीबाट प्रभु बैंक पछाडी हुदै स्वामीको रुख निस्कने सडक

८) भबरेटा कंडेलको पिपलदेखि पखरी धारा सम्मको सडक

९) सालिग्राम शर्माको घर हुदै शय्म बोहोराको भएर निस्कने बाटो

१०) सेराफाट नव निर्मित सडक

११) हरेक वडा कार्यालयबाट विद्यालय जोड्ने सडक

१२) वडाका मूल सडकहरू

१३) टारीखेत हुदै सहरीविकास भवन जाने बाटो।

१४) टारिखेत हुँदै अर्नाकोट तर्फ जाने बाटो।

2. Right of Way =6.0m र Set Back =1.5 m कायम गरिएको सडकहरू

१) पेट्रोल पम्प देखि रिभरहेड हुदै जाने भित्री सडक

२) पेट्रोल पम्प देखि रिभरहेड हुदै जाने भित्रि सडक संग जोडीएका भित्री सडक हरू

३) देउराली तथा मिराज होटल हुदै इश्वरी पौडेल को घर तर्फ निस्कने सडक

४) पट्लाल बिकको घर देखि सन्तलाल श्रेष्ठ को फाट तिर जाने सडक

५) वडामा अवस्थित सहायक सडकहरू ।

3. Right of Way =4.0m र Set Back =2.0m कायम गरिएको सडक

१) बसपार्क देखि चुरेलाबस सम्म जाने सडक

२) देब चोक देखि जाली पुल सेर तर्फको सडक

३) देब चोक देखि जनता बोर्डीङ सम्मको सडक

४) नगरपालिका बसेको घर देखि चित्र खनालको गल्लि सम्मको सडक

५) नगरपालिका बसेको घर देखि जनता बोडीङ तर्फ निस्कने सडक

(ख) वडामा अवस्थित साहयक सडकहरू

4. Right of Way = 4.0m र Set Back =2.0m कायम गरिएको सडकहरू

1) रङ बहादुर के.सी. (गंगा होटल को घर देखि यमको घरसम्मको (शान्ति मार्ग) सडक

प्रमाणीकरण मितिः २०७९/०९/२५

आज्ञाले,
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत